फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०३१६
टोलफ्री नं. १६६० ८१ ५२०५२
फयाक्स नं. ०८१-५२०२४०
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके जिल्ला

लुम्बिनी प्रदेश, नेपाल ।

### तालिम सञ्चालनका लागि तालिम प्रदायक संस्था/कम्पनि वा कन्सल्टेन्सीहरुलाई प्रस्ताव आहवान सम्बन्धी सूचना
**(दोश्रो पटक प्रकाशित मिति २०७८।०९।१९)**

चालू आ.व. २०७८।०७९ मा संघीय सरकारको प्राप्त विशेष अनुदानबाट मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन एवं क्षमता विकास कार्यक्रम अन्तर्गत् लक्षित वर्गकै सहभागीतामा लोकसेवा तथा शिक्षक सेवा आयोगद्धारा लिईने प्रतिस्पर्धात्मक विभिन्न पदहरु खरिदार, नासु, अनमी, स्टाफनर्स, ईञ्जिनियरिङ्ग र विभिन्न तहको शिक्षक पद समेत अधिकतम १६० जनाका लागी तयारी कक्षा संचालन गर्न **तोकीएको** कार्यक्षेत्रगत शर्त (ToR) मापदण्डका आधारमा देहायका तालिम कार्यक्रमहरु सम्बन्धीत विषयमा ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका तालिम प्रदायक संस्था, कम्पनि, कन्सल्टेन्सीहरुबाट गर्नुपर्ने भएकोले प्राविधिक तथा आर्थिक विषयहरु सवै एउटै प्रस्तावमा उल्लेख गरी देहायका आवश्यक कागजातहरु संलग्न राखी शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न हुन दोश्रो पटक पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | तालिम कार्यक्रमको नाम | अवधी | दैनिक समय | ला.अ. (दर) |
|---|---|---|---|---|
| १ | लोकसेवा तथा शिक्षक सेवा आयोगद्धारा लिईने प्रतिस्पर्धात्मक विभिन्न पदहरुको तयारी कक्षा सञ्चालन (खरिदार, नासु, अनमी, स्टाफनर्स, ईञ्जिनियरिङ्ग र शिक्षक समेत अधिकतम १६० जना) | ७५ दिन | २ घण्टा ३० मिनेट | ६२५० |

**प्रस्तावका साथ संलग्न गर्नुपर्ने कागजातहरुको प्रतिलिपि :**

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र,
(२) मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र,
(३) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको पत्र,
(४) नेपालगञ्जमा कार्यालय स्थापना भएको हकमा यस उप-महानगरपालिकामा दर्ता तथा नविकरण भएको प्रमाणपत्र
(५) यस उप-महानगरपालिकामा चालू आ.व. ०७८।७९मा बुझाउनु पर्ने कर चुक्ता गरेको रसिद वा अन्य कागजात,
(६) आ.व.२०७७।०७८ को लेखा परीक्षण प्रतिवेदन,
(७) आ.व.२०७७।०७८ को कर चुक्ता प्रमाणपत्र,
(८) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र,
(९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको,
(१०) बैंक जमानत वा धरौटी : प्रस्ताव साथ रु २५०००।- (पच्चीस हजार) बैंक जमानत वा नेपालगञ्ज उप-महानगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरि सो को सक्कल भौचर संलग्न गरेको हुनुपर्नेछ ।
(११) प्रस्ताव तयार गर्दा कार्यक्षित्रगत शर्त (ToR) का आधरमा तयार गरेको हुनुपर्नेछ,
(१२) कर कट्टी लगायत अन्य विषयहरु आर्थिक प्रशासन ऐन, नियमावली बमोजिम हुनेछ,
(१३) विषयगत तालिम सञ्चालनका लागि उपयुक्त वातावरण भएको र प्रयोगात्मक सामाग्री सहितको उचित व्यवस्था भएको संस्थाहरुबाट आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ,

(१४) न्यूनतम सहभागी संख्या, तालिम अवधी र दैनिक समयको हकमा निर्धारित गरिएको दर भन्दा घटी हुने गरी प्रस्ताव पेश गरेमा रद्ध गरिनेछ साथै सोहि शिर्षकमा बढी हुने गरि पेश गरेमा सूचनामा तोकीएकै संख्या सरह मानि मूल्यांकन गरिनेछ ।

(१५) तोकिएको लागत मूल्य भन्दा घटी दर राखि पेश भएका प्रस्तावहरुलाई प्राथमिकता दिईनेछ ।

(१६) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दर्ता गरिसक्नुपर्नेछ, १५ औं दिनमा सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ ।

(१७) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन,

(१८) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचनापाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि: नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको सामाजिक, गैसस तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ । कार्यालयको फोन नं. ०८१-५२३६४१/५२०३१६ ।

# नेपालगञ्ज उप-महानगरपालिका कार्यालय
# नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके

चालू आ.व. २०७८।०७९ मा संघीय सरकारको प्राप्त विशेष अनुदानबाट मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन एवं क्षमता विकास कार्यक्रम अन्तर्गत् लक्षित वर्गकै युवायुवतीहरुको सहभागीतामा लोकसेवा तथा शिक्षक सेवा आयोगद्धारा लिईने प्रतिस्पर्धात्मक विभिन्न पदहरु खरिदार, नासु, अनमी, स्टाफनर्स, ईञ्जिनियरिङ्ग र विभिन्न तहको शिक्षक पद समेत अधिकतम १६० जनाका लागी तयारी कक्षाहरु तालिम प्रदायक संस्था, कम्पनि, कन्सल्टेन्सीहरुको सेवा खरिद गरि गर्नुपर्ने भएकोले प्रस्तावकहरुले आफ्नो प्रस्ताव पेश गर्नुपूर्व देहाय बमोजिम तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) का आधारमा तयार गर्नुपर्नेछ ।

## १. कार्यक्रमको पृष्ठभूमी :

चालू आ.व. २०७८।०७९ मा संघीय सरकारबाट नेपालगञ्ज उप-महानगरपालिकाका लागि स्वीकृत मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन तथा क्षमता विकास कार्यक्रम अन्तर्गत् लक्षित समूहका युवायुवतीहरुको सहभागीतामा लोकसेवा तथा शिक्षक सेवा आयोगद्धारा लिईने प्रतिस्पर्धात्मक परीक्षाको अप्राविधिक तर्फ खरिदार, नायब सुब्बा, स्टाफ नर्स, नर्सिङ्ग, ईन्जिनियर, सव ईन्जिनियर र शिक्षकहरुको तयारी कक्षाहरु प्रचलित समय, अवधि, विषयवस्तु लगायत न्यूनतम मापदण्डका आधारमा सञ्चालन गरि तालिम प्राप्त व्यक्तिहरुलाई रोजगार उन्मुख गर्ने उद्धेश्यले यस कार्यालयबाट मिति २०७८।०९।१८ गते प्रकाशित सूचनामा उल्लेखित विषयवस्तुका आधारमा सम्बन्धित क्षेत्रमा ख्याती कमाएका, योग्य र क्षमतावान तालिम प्रदायक संस्था, कम्पनी र कन्सल्टेन्सीहरु छनौट गरि तालिम सञ्चालन गर्ने योजना रहेकोछ ।

## २. कार्यक्रमको उद्देश्य तथा लाभान्वित वर्ग :

यस कार्यक्रमको उद्धेश्य नेपालगञ्ज उप-महानगरपालिका भित्र बसोवास गर्ने मधेशी, मुस्लिम तथा लोपोन्मुख जातिका आर्थिक र सामाजिक रुपले पछाडी परेका नागरिकहरुलाई उनीहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गरि अति विपन्न गरिवीको रेखामुनी रहेका मधेशी, मुस्लिम, दलित, आदिबासी जनजाती तथा लोपोन्मुख समुदायलाई आर्थिक शसक्तिकरणमा टेवा पुरयाउनका लागी नेपालको निजामती तथा शिक्षक सेवामा उनीहरुको अर्थपूर्ण सहभागीताका माध्यमबाट समन्यायिक समाजको विकास गर्नु रहेकाले प्रस्तावदाताले उक्त कुरालाई मूल रुपमा ध्यान दिई प्रस्ताव पेश गर्नुपर्नेछ ।

## ३. प्रस्ताव तयार गर्दा उल्लेख गर्नुपर्ने विषयहरु :

- प्रस्तावको ढाँचा आफूखुशी प्रयोग गर्न सकिनेछ तर यस कार्यक्षेत्रगत शर्तमा उल्लेख भएका र सूचनामा उल्लेख भएका विषयहरु अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।
- संस्थागत परिचय : संक्षिप्त रुपमा उल्लेख गर्ने ।
- कार्यक्षेत्र, कार्य अवधि र सहभागी छनौट : नेपालगञ्ज उप-महानगरपालिकाको भौगोलिक क्षेत्र समेटिने गरि यस कार्यालयले सवै वडा कार्यालयबाट समानुपातिक सहभागीताका आधारमा सहभागी छनौट गरिनेछ । यसरी छनौट भएका सहभागीहरुको सहभागीतमा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। चालू आ.व. २०७८।०७९ को चैत्र मसान्त भित्र सम्पन्न गरिसक्नुपर्ने कार्य अवधि निर्धारित गरिएको छ ।
- तालिम सञ्चालनका लागि सम्भाव्य भौतिक पूर्वाधार तथा संसाधनको पर्याप्तता छ, छैन् सो को वारेमा एकीन विवरण उल्लेख गर्नुपर्नेछ। उक्त विषयमा अवलोकन समेत गरिनेछ ।

- सरोकारवालाहरु संगको समन्वय : कार्यक्रम सञ्चालनको प्रारम्भिक चरण देखि कार्यसम्पन्न पश्चात् खर्चको सार्वजनिक परीक्षण गर्ने अवधी सम्मको सिलसिलेवार प्रक्रियागत विषयहरु उल्लेख गर्ने ।
- तालिम कार्यक्रमका माध्यमबाट विभिन्न आयोगबाट सञ्चालन हुने परीक्षामा सहभागी गराई सफलता हासिल गर्ने, गराउने सुनिश्चितता सहित संस्थाको स्पष्ट मार्गचित्र उल्लेख गर्नुहोस् । एक समूहमा ४० जना सहभागी हुने गरि प्रशिक्षण सञ्चालन गर्नुपर्नेछ ।
- स्वरोजगारका लागी योजना : सीप सिकेका व्यक्तिहरुद्धारा स्वरोजगारका लागी योजना के कस्तो रहने हो प्रस्तावमा उल्लेख गर्नुपर्नेछ ।
- कार्य योजना: प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न सकिने खालको कार्ययोजना र सो को पुष्ट्याई सहित पेश गर्नुपर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन विधि : सहभागिहरुको नियमित मूल्यांकन, तालिमको सञ्चालन/व्यवस्थापन, समापन, सार्वजनिक परिक्षण गरे, नगरेको विषयमा अनुगमन तथा पृष्ठपोषण विधि उल्लेख गर्ने ।
- जनशक्ति : सूचनामा उल्लेखित तालिम कार्यक्रम सञ्चालन गर्ने र समग्र तालिम व्यवस्थापन गर्ने विषयगत क्षेत्रका जनशक्तिहरुको शैक्षिक योग्यता, अनुभव/क्षमता, कार्यकुशलता उल्लेख गरिएको सम्भव भए सम्म व्यक्तितगत बायोडाटा सहित भरपर्दो जनशक्तिको पुष्ट्याई उल्लेख गर्नुपर्नेछ ।

**४. प्राविधिक तथा आर्थिक प्रस्ताव:** माथि उल्लेखित विषयवस्तुहरुमा ध्यान दिई प्राविधिक तथा आर्थिक विषयहरु सहितको एउटै प्रस्ताव तयार गरी एउटै खाम भित्र राखि शिलबन्दि सहित पेश गर्नुपर्नेछ । साथै प्रस्तावको प्रत्येक पानामा संस्थाको आधिकारिक व्यक्तिले प्रमाणित गरि संस्थाको छाप लगाएको हुनुपर्नेछ ।
५. बैंक जमानत वा धरौटी : प्रस्ताव साथ रु २५०००।- (पच्चीस हजार) बैंक जमानत वा नेपालगञ्ज उप-महानगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरि सो को सक्कल भौचर संलग्न गरेको हुनुपर्नेछ ।
**६. तालिम कार्यक्रमको भुक्तानी व्यवस्थापन :** कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् प्रगतिका आधारमा भुक्तानी दिइनेछ । पेश्की उपलब्ध हुनेछैन । तालिम प्रदायक संस्था छनौट पश्चात् सम्झौताका शर्तहरु आपसी सहमतिमा तयार गरि दुवै पक्ष विच सम्झौता गरिनेछ ।

**७. प्रस्ताव मूल्यांकन गर्ने तरिका :** पेश भएका प्रस्तावहरु लागत तथा गुणस्तर विधि अनुसार गरिनेछ । कूल १०० अङ्क मध्ये प्राविधिक प्रस्तावको अङ्कभार ८० र आर्थिक प्रस्तावको अङ्कभार २० रहनेछ ।

**८. पुरा गर्नुपर्ने पूर्व शर्तहरु :-** सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य छन् उक्त शर्तहरु पूरागरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।
***नोट : प्रस्तुत शीर्षक अन्तर्गत रही सेवा प्रदायक संस्थाले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ । यसका साथै छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्न वाधा पर्ने छैन ।***

***समाप्त ।***